**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/१० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | सालिग्राम ऐडी, विष्णु बहादुर शाही, रुद्र बहादुर वली, हर्कधन बुढा, मनजित रोकाया, धनपति ऐडी र पुनी ऐडी भएको, विशेष अदालत मुद्दा नं.: ०८०-CR-०१६१ फैसला मितिः२०८२।०५।१९ | **बाटो निर्माण कार्यमा झुट्टा बिलको आधारमा भुक्तानी गरी भ्रष्टाचार गरेको।** | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित विशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः<br><br>**क.** प्रतिवादीहरु निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णु बहादुर शाही, ईन्जिनियर रुद्र बहादुर वली र असिस्टेन्ट सब-ईन्जिनियर हर्कधन बुढाका हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा १९ को उपदफा (२) बमोजिम को कसुर वमोजिम सोही ऐनको दफा ८ को उपदफा (१) तथा दफा दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना तथा विगो असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>**ख.** उपभोक्ता समितिका अध्यक्ष मनजित रोकाया, सचिव धनपति ऐडी तथा कोषाध्यक्ष पुनी ऐडीका हकमाःभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रकम जफत हुन मागदावी लिइएको देखिन्छ।<br>**ग.** चंखेली गाउँपालिकाको वडा नं ३ का तत्कालिन वडा अध्यक्ष सालिग्राम ऐडीको हकमाः<br>**घ.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) वमोजिमको कसुर मा सोही ऐनको दफा ८ को उपदफा (३) | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ७ जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br><br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>• काम भएको लामो समय पश्चात निरीक्षण गर्दा पहाडी भेगको माटोको बाटो, हिमपात वर्षा पशु वस्तु र मानिसको नियमित प्रयोग बुट्यान झाडीहरुले गर्दा निर्माण हुँदा कै जस्तो अवस्थामा हुन नसक्ने।<br>• ४ वर्ष पछि निरीक्षण गरी पेश गरेको अ.दु.अ.आ.को स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनलाई अकाट्य प्रमाणको रुपमा लिन मिल्ने देखिएन।<br>• बाटो निर्माण भई हाल संचालनमा रहेको देखिएको।<br>• प्रतिवादीहरुकै बयानलाई समर्थन हुने गरी निजहरुका साक्षीले गरेको बकपत्र | **ङ.** जिल्ला हुम्ला, चंखेली गाउँपालिका, वडा नं. ३ स्थित सुकिचौर हुदै चिमाङसम्मको बाटो निर्माण कार्यका आ.ब. २०७४/०७५ मा लागि मा चंखेली गाउँपालिका र निर्माण उपभोक्ता समिति बिच लागत अनुमान रु. ३,०३,६२०।९१ को तयार भई मिति २०७५।१।९ सम्झौता भएको देखिन्छ। उक्त स्वीकृत लागत अनुमान बमोजिम कूल ७८० मिटर लम्बाई र २ मिटर चौडाईको गोरेटो/घोडेटो बाटो निर्माण कार्यका लागि सामान्य माटो ४२८.५५ घन मिटर र बोल्डर मिसिएको माटो १६१.८५ घन मिटर गरी ५९०.४० घन मिटर माटो काटी बाटो निर्माण गर्नुपर्ने देखिन्छ। उक्त योजनासँग सम्बन्धित लागत अनुमान, सम्झौता, नापी किताब, बिल, इन्जिनियर रुद्र बहादुर वली , असिष्टेण्ट सव-इन्जिनियर हर्कधन बुढा समेतले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन,सम्बन्धित वडा कार्यालयको सिफारिस तथा भुक्तानीसँग सम्बन्धित कागजात संलग्न भई आएको चंखेली गाउँपालिकाको कार्यालयको प.सं. ०७८/७९, च.नं. १११, मिति २०७८।५।२१ को पत्रवाट रु.२,८०,७२५/- भुक्तानी भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका शाखा अधिकृत अनन्त कुमार गौतम सहितको टोलीले स्थलगत रुपमा निरिक्षण तथा निर्माण कार्यको नापजाँच गर्दा पुरानो गोरेटो बाटोलाई पुनः फराकिलो गराउनुका साथै खन्ने, सुख्खा ढुङ्गाको पर्खाल लगाउने र बाटोमा ढुङ्गा बिच्छाउने कार्य गरेको, बाटोको लम्बाई २४६.२ मिटर रहेको भन्ने समेत खुलाई स्थानीय उपभोक्ता, गाउँपालिकाका कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुको उपस्थितिमा मिति २०७९।३।९ गरेको गतेको स्थलगत मुचुल्कावाट देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका सव-ईन्जिनियर प्रशान्त थापाले मिति २०७९।४।१६ को प्राविधिक प्रतिवेदनमा कुल ७८० मिटर नयाँ बाटो खनेको भनी उल्लेख गरेको तर फिल्डमा भने जम्मा २४६.२ मिटर मात्र खन्ने कार्य भएको देखिन्छ। त्यसै गरी नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा कुल ५८८.३ घ.मि. माटो खनेको भनी उल्लेख गरेको तर फिल्डमा जम्मा १०२.४२ घ.मि. मात्र कार्य भएको उल्लेख गरेको देखिन्छ। उक्त आयोजनाको स्थलगत नापजाँच तथा निरीक्षण गर्दा सो आयोजनाको नयाँ बाटो खन्ने कार्य नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br><br>**<u>विशेष अदालतको फैसलाः</u>**<br>प्रतिवादीहरु (सालिग्राम ऐडी, विष्णु बहादुर शाही, रुद्र बहादुर वली, हर्कधन बुढा, मनजित रोकाया, धनपति ऐडी र पुनी ऐडीलाई लाई आरोप दावीबाट सफाई हुने ठहर गरी विशेष अदालतवाट फैसला भएको देखिन्छ। | | अनुसार नभई रु. २,२२,४९२।१० (अक्षरेपी दुई लाख बाइस हजार चार सय बयानब्बे रुपैया र दश पैसा) रकम बढी भुक्तानी भएको देखिन्छ।यसरी स्थलगत रुपमा भए गरेको भन्दा रु.२,२२,५०३।१७ बढी रकमको मुल्याङ्कन गरी झुट्टा बिलको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिइएको देखिन्छ।आयोगको कार्यालयवाट स्थलगत रुपमा नापजाँच गर्दा पाइएको वास्तविक निर्माण कार्यको परिमाण र भुक्तानीको लागी चंखेली गाँउपालिकावाट पेश गरेको नापी किताब, बिल तथा कार्य सम्पन्न प्रतिवेदनमा रहेको फरक स्पष्ट देखि रहेको अवस्थामा पहाडी भेगको माटोको बाटो, हिमपात, वर्षा, पशु, वस्तु र मानिसको नियमित प्रयोग, बुट्यान झाडीहरुले खासै फरक पर्न अवस्था नहुने र प्रतिवादीहरुले खन्दै नखनेको बाटो र बाटो खनेर पनि विग्रेको अवस्थामा हुनु, बर्षात, हिमपात, पशु, बस्तु आदिको कारण पहिलाको अवस्थामा नहुनु नितान्त फरक अवस्था हो।एक पटक खनेर बिग्रेको बाटोको अवस्था फरक हुनेमा स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनमा उक्त परिमाणको बाटो बाहेक अन्य परिमाणको बाटो प्रतिवादीहरुले खन्दै नखनेको, खनेर बिग्रेको अवस्था समेत नदेखिएको अवस्थामा विशेष अदालतवाट प्रतिवादीहरुलाई सफाई दिन कै लागी पहाडी भेगको माटोको बाटो, हिमपात, वर्षा, पशु, वस्तु र मानिसको नियमित प्रयोग, बुट्यान झाडीहरुले गर्दा निर्माण हुँदा कै जस्तो अवस्थामा हुन नसक्ने जस्ता अर्थ गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी छ।<br>**च.** आयोगको कार्यालय, सुर्खेतका सव-इन्जिनियर प्रशान्त थापाले मिति २०७९/०४/१६ गते पेश गरेको प्रतिवेदनमा आयोजनाको अनुगमन तथा निरीक्षण गर्दा सो आयोजनाको नापि किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा कुल ७८० मि. नयाँ बाटो खनेको भनि उल्लेख गरेको तर फिल्डमा भने २४६.२ मि. सम्म मात्र काम भएको देखिन्छ।नापि किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा कुल ५८८.३ घन मि. खनेको भनी उल्लेख गरेको तर फिल्डमा १०२.४३ घन मि. मात्र कार्य भएको पाइएको देखिन्छ।यसरी स्थलगत रुपमा नापजाँच गर्न खटिएको टोलिले पेश गरेको प्रतिवेदनमा रु. २,२२,५०३।१७ बढी रकमको मुल्याङ्कन गरी झुट्टा बिलको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिइएको देखिन्छ। यि प्रतिवादीहरुले स्थलगत रुपमा भए गरेको भन्दा रु. २,२२,५०३।१७ बढी रकमको मुल्याङ्कन गरी झुट्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बिलको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिइएको देखिएको तथ्य प्राविधिक प्रतिबेदन एवं निजले अदालतमा गरेको बकपत्रवाट देखिदा देखिदै उक्त प्रमाणलाई प्रमाण ऐन २०३१ को दफा १८ र २० बमोजिम प्रमाणमा ग्रहण गरि फैसला गर्नु पर्नेमा उक्त प्रमाणलाइ नजरअन्दाज गरी गरेको फैसला मिलेको नदेखिदा बदरभागी छ। प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने  कानूनी ब्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार बएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेकोले प्रस्तुत मुद्दा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने साक्षी सबइन्जिनियर हर्कधन बुढा र इन्जिनियर रुद्र वहादुर वली समेतले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियामा समेत पुष्टि हुने गरी बकपत्र गरेको देखिदा देखिदै Cross Examination बाट पुष्टि भएको प्रमाणलाई विश्वासनीय भएन भन्ने जस्ता आत्मगत तर्कद्वारा विश्लेषण गरी उक्त प्रमाणलाई Deny गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. वैद्यनाथ पण्डितको मुद्दामा (ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९) "प्रमाण ऐन, २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीको बकपत्रलाई Legally admissible evidence को रुपमा अदालतले Direct evidence मा लिनुपर्ने" भनी प्रतिपादित सिद्धान्त रहेकोले उक्त कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ। वादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार भएको मुद्दामा "कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने" (नेकाप २०७७, अंक ७, नि.नं. १०५४१) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रस्तुत मुद्दाका प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>**छ.** निज प्रतिवादीहरुले आफुले मौकामा र अदालत समक्ष बयान गर्दा सुकिचौर हुदै चिमाङसम्मकोबाटो  निर्माण कार्य नापी किताब र कार्य सम्पन्न प्रतिवेदन बमोजिम भएको हो धेरै पहिला सम्पन्न भएकोले अहिले बिग्रिएको हुन सक्छ भनी लेखाएको देखिन्छ। स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनले नियमानुसारको सम्झौता बमोजिम कार्य नगरेको तथ्य र व्यहोरालाई स्वीकार गरेको देखिंदा देखिंदै निजहरुको उक्त कार्य वदनियत पूर्वक काम गरेको नदेखिएको भनि भएको विशेष अदालतको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी छ।प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले सडक निर्माण उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त र स्वीकृत लागत अनुमान विपरित, आफु खुसी बदनियतपूर्वक, आफुलाई सजिलो पर्ने गरी वास्तविक रुपमा भएको कार्य भन्दा बढि मूल्याङ्कन गराई बढि भुक्तानी माग गरी सरकारी सम्पत्ति गैरकानुनी हानी पुर्याउने र आफुले गैरकानुनी लाभ लिने बदनियतले कार्य गरी रु. २,२२,५०३।१७ बराबरको भुक्तानी गरी गराई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टी भइरहेको तथ्य र प्रमाणलाई अनदेखा गरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपूर्ण भएकोले बदर भागी छ। |